| ६. प्रस्तावित नगद लाभांश | ५,७०५.७० |
| ७. आयकर दायित्व | ७,४६१.३६ |
| ८. अन्य दायित्व | २०,७०१.५५ |
| **कुल दायित्व** | **१०,६०,६२२.९७** |
| **सम्पत्ती** | |
| १. नगद मौज्दात | ४०२.८५ |
| २. नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | ४,५०० |
| ३. बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात | २८,११५.९२ |
| ४. माग तथा अल्प सूचनामा प्राप्त हुने रकम | |
| ५. लगानी | - |
| ६. कर्जा तथा सापट | १०,०३,७३०.२० |
| ७. स्थिर सम्पत्ती | १२,०६२.९७ |
| ८. गैर बैंकिंग सम्पत्ती | - |
| ९. अन्य सम्पत्ती | ११,८११.०३ |
| **कुल सम्पत्ती** | **१०,६०,६२२.९७** |

## नाफा नोक्सान हिसाब

२०७५ श्रावण १ गते देखि २०७६ आषाढ मसान्त सम्म

| | विवरण | रकम (रु. हजारमा) |
|---|---|---|
| १. | ब्याज आम्दानी | १,३०,४५६.३९ |
| २. | ब्याज खर्च | ६५,८२५.१७ |
| | **खूद ब्याज आम्दानी** | **६४,६३१.२२** |
| ३. | कमिशन तथा अन्य संचालन आम्दानी | ३१,६६०.०४ |

| | | |
|---|---|---|
| ४. | सटही घटबढ आम्दानी | - |
| | **कूल संचालन आम्दानी** | **९६,२९१.२६** |
| ५. | कर्मचारी खर्च | ३९,८०८.३६ |
| ६. | अन्य संचालन खर्च | २१,५०१.९१ |
| ७. | सटही घटबढ नोक्सान | - |
| | **संम्भावित नोक्सानी व्यवस्था अघिको सञ्चालन मूनाफा** | **३४,९८०.९९** |
| ८. | सम्भावित नोक्सानी ब्यबस्थाहरु | ९,३१९.०९ |
| | **सञ्चालन मूनाफा** | **२५,६६१.९०** |
| ९. | गैर सञ्चालन आम्दानी/(खर्च) | - |
| १०. | सम्भावित नोक्सानी व्यवस्थाबाट फिर्ता | - |
| | **नियमित कारोवारबार भएको मूनाफा** | **२५,६६१.९०** |
| ११. | असामान्य कारोवारबाट भएको आम्दानी/खर्च | - |
| | **सम्पुर्ण कारोवार समावेश पछिको खूद मूनाफा (नोक्सान)** | **२५,६६१.९०** |
| १२. | कर्मचारी बोनस ब्यबस्था | २,३३२.९० |
| १३. | आयकर ब्यबस्था | ७,२८१.४९ |
| | यस बर्षको कर व्यवस्था | ७४६१.३६ |
| | विगत बर्षसम्मको कर व्यवस्था | - |
| | यस बर्षको स्थगन कर (आम्दानी)/खर्च | (१७९.८७) |
| | **खूद नाफा/नोक्सान** | **१६,०४७.५१** |

## नाफा नोक्सान बाँडफाँड हिसाब

२०७५ श्रावण १ गते देखि २०७६ आषाढ मसान्त सम्मको

| | **विवरण** | **रकम (रु. हजारमा)** |
|---|---|---|
| आम्दानी | | |
| १. | गत बर्षसम्मको सञ्चित मुनाफा | १००.०९ |
| २. | यस बर्षको मुनाफा | १६,०४७.५१ |
| ३. | शेयर प्रिमियमबाट नाफा नोक्सानका हिसाबमा सारेको | - |
| ४. | स्थगन कर कोषबाट फिर्ता | - |
| ५. | सटही घटबड कोष | - |
| ६. | ग्राहक संरक्षण कोष बाट खर्च गरी फिर्ता | ६४.२२ |
| ६. | र्क्मचारी तालिम तथा वृति विकास कोष बाट खर्च गरि फिर्ता | ४८.६२ |
| | **जम्मा** | **१६,२६०.४४** |
| खर्च | | |
| १. | गत बर्षसम्मको सञ्चित नोक्सान | - |
| २. | यस बर्षको नोक्सान | - |
| ३. | साधारण जगेडा कोष | **३,२०९.५०** |
| ४. | भैपरी आउने जगेडा | - |
| ५. | संस्था विकाश कोष | - |
| ६. | लाभांश समीकरण कोष | - |
| ७. | कर्मचारी सम्बन्धी जगेडाहरु | - |

| | | |
|---|---|---|
| ८. | प्रस्तावित नगद लाभाँश | **५,७०५.७०** |
| ९. | प्रस्तावित बोनश शेयर | ५,७०५.७० |
| १०. | बिशेष जगेडा कोष | - |
| ११. | सटही घटबढ कोष | - |
| १२. | पूँजी फिर्ता जगेडा कोष | - |
| १३. | पूँजी समायोजन कोष | - |
| १४. | स्थगन कर कोष | १७९.८६ |
| १५. | ग्राहक संरक्षण कोष | १६०.४७ |
| १६. | कर्मचारी तालिम तथा वृति विकास कोष | - |
| १६. | संस्थागत सामाजिक उत्तरदायित्व कोष | १६०.४७ |
| | **जम्मा** | **१५,१२१.७२** |
| | **सञ्चित मुनाफा/नोक्सान** | **१,१३८.७३** |

## नगद प्रवाह विवरण

मिति २०७५ साल श्रावण १ गते देखि २०७६ साल अषाढ मसान्त सम्म

| **क.सं.** | **विवरण** | **आ.व. ०७४/०७५** |
|---|---|---|
| **(क)** | **कारोवार सञ्चालनबाट नगद प्रवाह** | |
| **१** | **नगद प्राप्ति** | १,६२,११६.४४ |
| १.१ | ब्याज आम्दानी | १,३०,४५६.३९ |
| १.२ | कमिशन तथा डिस्काउन्ट आम्दानी | ३१,६६०.०५ |
| १.३ | विदेशी विनिमय कारोबारबाट आम्दानी | - |
| १.४ | अपलेखित कर्जाको असुली | - |
| १.५ | अन्य आम्दानी | - |
| **२** | **नगद भुक्तानी** | (१,२६,५६१.५२) |
| २.१ | ब्याज खर्च | (५९,६८७.४८) |
| २.२ | कर्मचारी खर्च | (३९,८०८.३६) |
| २.३ | कार्यालय संचालन खर्च | (१८,७७१.२४) |
| २.४ | आयकर भुक्तानी | (६,६८१.९३) |
| २.५ | अन्य खर्च | (१,६१२.५१) |
| | **कार्यगत पूँजी गतिविधि अघिको नगद प्रवाह** | ३५,५५४.९१ |
| | **सञ्चालन सम्वन्धि चालु सम्पत्तिमा कमी/(वृद्धि)** | (४,३९,३४५.६७) |
| १. | माग तथा अल्प सूचनामा प्राप्त हुने रकममा कमी/(वृद्धि) | - |
| २. | अन्य अल्पकालीन लगानीमा कमी/(वृद्धि) | - |
| ३. | कर्जा तथा विल्स खरिदमा कमी/(वृद्धि) | (४,३७,७९१.९८) |
| ४. | अन्य सम्पतिमा कमी/(वृद्धि) | (१,५५३.६९) |
| | **सञ्चालन सम्वन्धि चालु दायित्वमा (कमी)/वृद्धि** | **३,६४,९८४.३२** |
| १. | निक्षेप दायित्वमा (कमी)/वृद्धि | १,०४,२४०.६३ |
| २. | अल्पकालीन सापटीमा (कमी)वृद्धि | २,७०,८२९.८८ |
| ३. | अन्य दायित्वमा (कमी)वृद्धि | (१०,०८६.१९) |
| **(ख)** | **लगानी कारोवारमा नगद प्रवाह** | **(६,०५२.७१)** |
| १. | दीर्घकालीन लगानीमा कमी/(वृद्धि) | - |

| | | |
|---|---|---|
| २. | स्थीर सम्पत्तिमा कमि/(वृद्धि) | (६,०५२.७१) |
| ३. | दीर्घकालीन लगानीमा व्याज आम्दानी | - |
| ४. | लाभांश आम्दानी | |
| ५. | अन्य | - |
| **(ग)** | **वित्तिय श्रोत कारोवारमा नगद प्रवाह** | १०,६३५.८१ |
| १. | दीर्घकालीन ऋण (वण्ड, डिवेञ्चर आदि) मा वृद्धि/(कमी) | - |
| २. | शेयर पूँजीमा वृद्धि/(कमी) | - |
| ३. | अन्य दायित्वमा वृद्धि/(कमी) | १०,६३५.८१ |
| ४. | नेपाल राष्ट्र बैंकवाट प्राप्त सहुलियता पूरनकर्जामा वृद्धि/(कमी) | - |
| **(घ)** | **नगद तथा बैंक मौज्दातको विनिमय दरमा भएको फरकवाट आम्दानी/खर्च** | - |
| **(ङ)** | **यस वर्षको सम्पूर्ण गतिविधिबाट नगद प्रवाह** | (३४,२२३.३३) |
| **(च)** | **नगद तथा बैंकमा रहेको शूरु मौज्दात** | ६७,२४२.११ |
| **(छ)** | **नगद तथा बैंकमा रहेको अन्तिम मौज्दात** | ३३,०१८.७७ |

**ख) आर्थिक बर्ष समाप्त भएपछि हकप्रद शेयर निष्काशन सम्बन्धि व्यवस्था र विवरणहरु पेश गरेमा, आर्थिक बर्ष समाप्त भएको मितिबाट पेश गरेको मितिसम्ममा वासलतको मिति पछिको घटनाको बारेमा छुट्टै जानकारी विवरणपत्रमा समावेश गर्नुपर्ने :** आर्थिक बर्ष समाप्त भएदेखि हालसम्म यस वित्तिय संस्थाको वित्तिय स्थितिमा कुनै असर पुर्‍याउने घटना नभएको ।

ग) **धितोपत्र निष्काशन खुल्ला हुनुपुर्व स्वीकृत भएको हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था र विवरणहरुमा उल्लेखित विवरणमा सम्बन्धित नियमन निकायको नियमन व्यवस्था, निर्देशन वा अन्य कुनै कारणबाट व्यवसाय सञ्चालनको क्रममा हुने सामान्य परिवर्तन बाहेक लगानीकर्ताका निर्णयमा खास असर पर्नेगरी तात्विक परिवर्तन भएमा त्यस्तो परिवर्तित विवरण समावेश गरी आवश्यक सुधार एवं संशोधन गर्नुपर्ने भएमा सो सम्बन्धि विवरणः**
यस "हकप्रद शेयर निष्काशन सम्बन्धि व्यवस्था तथा विवरणहरु"मा समन्धित नियमन निकायको नियमन व्यस्वथा, निर्देशन वा अन्य कुनै कारणबाट लगानीकर्ताहरुलाई असर पर्ने खालका तात्वित परिवर्तन भएमा त्यस्तो परिवर्तित विवरण"हकप्रद शेयर निष्काशन सम्बन्धि व्यवस्था तथा विवरणहरु" मा समावेश गरिने र आवश्यक सुधार एवं संशोधन समेत गरिनेछ । साथै निष्काशन कार्य गर्नु पुर्व सो सम्बन्धि आवश्यक स्वीकृती समेत बोर्डबाट लिईनेछ ।

**थ) संगठित संस्थाले गर्ने भएको काममा निहित संभावित जोखिमहरु :**

क) नयाँ लघुवित्त वित्तीय संस्थाहरुको प्रवेशबाट उत्पन्न हुने प्रतिस्पर्धाबाट हुन सक्ने जोखिमहरु ।
ख)लघुवित्त वित्तीय संस्थाले प्रदान गरेको कर्जा तथा सापट खराब कर्जामा परिणत हुन गएमा हुने जोखिम ।
ग) देशको राजनैतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरु ।
घ) देशको आर्थिक अवस्थामा आउने उतार चढावबाट हुन सक्ने जोखिमहरु ।
ङ) नेपाल सरकार तथा नेपाल राष्ट्र बैंकको आर्थिक तथा वित्तीय नीति नियममा हुने परिवर्तनबाट श्रृजना हुन सक्ने जोखिमहरु ।
च) निक्षेप तथा कर्जाको व्याजदरमा आउने परिवर्तनबाट हुन सक्ने जोखिमहरु ।
छ) पूंजी बजारको अवस्थामा आउने उतार चढावबाट पर्न सक्ने जोखिमहरु ।
ज) अन्तर्राष्ट्रिय बजारमा घट्ने आकस्मिक घटना तथा मन्दीबाट नेपाली बजारमा पर्न सक्ने असरबाट हुन सक्ने आर्थिक जोखिमहरु ।
झ) देशको मौद्रिक नीति लगायत नेपाल राष्ट्र बैंकले गर्ने नियम निर्देशनको अप्रत्याशित परिवर्तनबाट सिर्जना हुने सम्भावित जोखिमहरु ।
ञ) देशको बैदेशिक नीतिमा हुन सक्ने परिवर्तन तथा बैदेशिक मुद्राको विनिमय दरमा घट्बढ भई उत्पन्न हुन सक्ने सम्भावित जोखिमहरु । लघुवित्त वित्तीय संस्थाको कर्जा तथा लगानी खराब भई हुनसक्ने जोखिमहरुको लागि लघुवित्त वित्तीय संस्थाले कर्जा तथा लगानी जोखिम कोषको व्यवस्था गर्नेछ । लघुवित्त वित्तीय संस्थाले वित्त बजारमा हुने प्रतिस्पर्धाको साथै क्षेत्रीयकरण र विश्वव्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जोखिमहरु न्यूनीकरण गर्नका लागि जनशक्ति विकासमा ध्यान पुर्‍याउनुको साथै अन्य व्यवसायिक जोखिमहरुबाट सिर्जना हुनसक्ने हानी-नोक्सानीको लागि व्यवस्थापन चनाखो भई सम्भावित हानी-नोक्सानी कम गर्न सक्षम र प्रतिबद्ध छ । त्यस्तै अन्य विभिन्न जोखिमहरु न्यूनीकरणका लागि प्रभावकारी आन्तरिक नियन्त्रण प्रणाली, समयानुसारको आधुनिक प्रविधि, स्पष्ट नीति तथा नियमहरुको निर्माण एवम् समयानुसार आफ्नो सेवा तथा सुविधाहरुमा परिवर्तन गर्दै लगिने लघुवित्त वित्तीय संस्थाको नीति रहेको व्यहोरा जानकारी गराउँछौं ।

सम्भावित आर्थिक जोखिमहरुलाई न्यूनीकरण गर्न लघुवित्त वित्तीय संस्थाले निम्न उपायहरु अवलम्वन गर्दै आइरहेको छ ।

क) आफ्नो सेवालाई अझ प्रतिस्पर्धी बनाई सदस्यमुखी सेवाहरु प्रदान गर्ने छ ।

ख) मध्यकालीन तथा दीर्घकालीन कर्जा सापटीहरु खराब कर्जामा परिणत भई उत्पन्न हुने जोखिम कम गर्नका लागि लघुवित्त वित्तीय संस्थाले प्रभावकारी कर्जा अनुगमन नीति अवलम्वन गरेको छ ।

ग) त्यस्तै अन्य विभिन्न जोखिमहरु न्यूनीकरणका लागि प्रभावकारी आन्तरिक नियन्त्रण प्रणाली, समयानुसार आधुनिक प्रविधि अपानाउने, स्पष्ट नीति तथा नियमहरुको निर्माण एवं समयानुसार आफ्नो सेवा तथा सुविधाहरुमा परिवर्तन गर्दै लगिने लघुवित्त वित्तीय संस्थाको नीति रहेको छ ।

**धितोपत्रको मूल्य परिवर्तन सम्वन्धी जोखिम**

रु.१००/- प्रति शेयरका दरले निष्काशन गरिएको शेयर मूल्यले सूचीकरण पश्चात धितोपत्र बिनिमय बजारमा हुने कारोवार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुन सक्ने परिवर्तनको जोखिम रहेको छ ।

**सम्भावित आर्थिक जोखिमहरुलाई न्यूनीकरण गर्न व्यवस्थापनले निम्न उपायहरु अवलम्बन गर्दै जानेछ ।**

लघु वित्त वित्तीय संस्थाको कर्जा तथा लगानी खराब भई हुन सक्ने जोखिमहरुको लागि लघु वित्त वित्तीय संस्थाले कर्जा तथा लगानीको लागि जोखिम ब्यहोर्ने कोषको व्यवस्था गरेको छ । लघु वित्त वित्तीय संस्थाले वित्त बजारमा हुने प्रतिस्पर्धाको लागि जनशक्ति विकासमा ध्यान पुऱ्याउनुको साथै अन्य ब्यवसायिक जोखिमहरुबाट सिर्जना हुन सक्ने नोक्सानीको लागि व्यवस्थापन चनाखो भई सम्भावित हानी नोक्सानी कम गर्न सक्षम र प्रतिवद्ध रहेको छ । यसको अलावा आफ्नो सेवालाई अझ गुणस्तरीय र प्रतिस्पर्धि बनाई उपभोक्तामुखी सेवाहरु प्रदान गरी मध्यकालिन तथा दिर्घकालिन कर्जा सापटीहरु खराब कर्जामा परिणत भई उत्पन्न हुने जोखिम कम गर्नका लागि लघु वित्त वित्तीय संस्थाले प्रभावकारी कर्जा नीति अवलम्वन गरेको छ । त्यस्तै अन्य विभिन्न जोखिमहरु न्यूनिकरणका लागि प्रभावकारी आन्तरिक नियन्त्रण प्रणाली, समय अनुसारको आधुनिक प्रविधि, स्पष्ट नीति तथा नियमहरुको निर्माण एवं समय अनुसार आफ्नो सेवा तथा सुविधाहरुमा परिवर्तन गर्दै लाने नीति लघु वित्त वित्तीय संस्थाको रहेको छ ।

**द) धितोपत्र बाँडफाँट सम्बन्धी व्यवस्था :**

यस विवरण मार्फत निष्काशन गरिने हकप्रद साधारण शेयर धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ बमोजिम बढिमा १५ दिन भित्र हकप्रद शेयरको बाँडफाँड गरी बाँडफाँट भएका सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा सूचना प्रकाशित गरिनेछ । साथै नेपाल स्टक एक्सचेञ्जमा लिमिटेडमा सूचीकरण भए पश्चात सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा दर्ता गरी बाँडफाँट भएको हकप्रद शेयर भौतिक प्रमाणपत्ररहित गरी विद्युतीय रूपमा शेयरधनीको डिम्याट खातामा जम्मा गरी खरिद बिक्रीको व्यवस्था मिलाइनेछ ।

**ध) संगठित संस्थाको प्रबन्धपत्र नियमावली, पछिल्लो वर्षको लेखा परीक्षण भएको वासलात, नाफा नोक्सान हिसाब, लेखा परीक्षण प्रतिवेदन निरीक्षण गर्न पाइने समय र स्थान :**

कार्यालय समयभित्र निम्न लिखित स्थानहरुमा सम्पर्क राखी वित्तीय संस्थाको प्रबन्धपत्र, नियमावली, वासलात, नाफा–नोक्सानको विवरण निरीक्षण गर्न सकिनेछ :

क) वित्तीय संस्थाको रजिष्टर्ड कार्यालय, चावहिल- ७, काठमाडौं ।

ख) धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक : सेञ्चुरी क्यापिटल मार्केट्स लिमिटेड, काठमाडौं प्लाजा, काठमाडौ ।

**न) निष्काशन हुने धितोपत्र प्रत्याभूति गरेको भए सो को विवरण :**निष्काशन गरिने हकप्रद शेयरको लागि कुनै प्रत्याभुति गरिएको छैन ।

**प) शेयर सूचीकरण गराउने सम्बन्धी व्यवस्था :**

"धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४" को दफा ६ मा भएको व्यवस्था अनुसार धितोपत्र सूचीकरणका लागि नेपाल धितोपत्र बोर्डबाट हकप्रद शेयर स्वीकृत भएको बढीमा सात कार्य दिनभित्रै धितोपत्र सूचीकरण तथा अभौतिकरणका लागि नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा निवेदन दिई सो को जानकारी नेपाल धितोपत्र बोर्डलाई दिईनेछ र हकप्रद शेयर स्विकृत भएको भएको सात कार्य दिनभित्र सङ्गठित संस्थाले आफ्नो धितोपत्रको अभौतिकीकरणका लागि सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा निवेदन दिई सो को जानकारी नेपाल धितोपत्र बोर्डलाई दिइनेछ ।

**फ) संगठित संस्थाको कारोवारमा असर पर्ने कुनै विवाद/मुद्दा मामिला भए सो को विवरण :**

लघुवित्त वित्तीय संस्थाको कारोवारमा असर पर्ने कुनै विवाद/मुद्दा मामिला नभएको ।

**ब) धितोपत्र खरिद गर्न चाहने आवेदकले पालना गर्नुपर्ने मुख्य कुराहरु :**

क) यस विवरणपत्र अनुसार जारी गरिने हकप्रद शेयर खरिदका लागि यस निष्काशन प्रयोजनका लागि शेयरधनी दर्ता पुस्तिका बन्द गर्ने मिति भन्दा अघिल्लो दिन सम्म कायम शेयरधनीहरुले आफ्नो नाममा कायम शेयरको १:१ को अनुपातमा (विद्यमान १ कित्ता शेयर बराबर नयाँ १ कित्ता शेयरको दरले) शेयर खरिदका लागि दरखास्त दिन सक्नेछन् ।

ख) प्रत्येक शेयरधनीले शेयरको हकप्रद निष्काशनका लागि दरखास्त दिंदा लघुवित्त वित्तीय संस्थाद्वारा तोकिएको निर्दिष्ट ढाँचामा आफ्नो शेयरधनी नम्बर, हाल कायम रहेको शेयर संख्या, शेयर प्रमाणपत्र नम्बर(हरु), आफूले खरिद गर्न पाउने अथवा मागेको हकप्रद शेयर संख्या र सो बराबरको रकम समेत खुलाई रितपूर्वक तोकिए बमोजिमको ढाँचामा आवेदन दिनुपर्नेछ ।

ग) दरखास्त फाराममा अंग्रेजी तथा नेपाली दुबै भाषामा पूर्ण रुपले भर्नु पर्नेछ ।

घ) दरखास्तसाथ प्रति शेयर रु. १००।– को दरले आफूले हकप्रद आधारमा खरिद गर्न पाउने शेयर संख्यालाई गुणन गर्दा हुन आउने बराबरको एकमुष्ठ नगद रकम वा सो बराबरको रकम बैंकमा जम्मा गरेको भौचर वा ड्राफ्ट संलग्न भएको हुनुपर्नेछ । भौचर वा बैंक ड्राफ्ट मार्फत् रकम जम्मा गर्दा भौचर वा ड्राफ्ट नम्बर शेयर आवेदन फारममा अनिवार्य रुपमा खुलाउनुपर्नेछ ।

ङ) यस हकप्रद शेयर निष्काशन प्रयोजनका लागि शेयरधनी दर्ता पुस्तिका बन्द गर्ने मितिभन्दा अघिल्लो दिनसम्मकायम शेयरधनीहरुले मात्र यस हकप्रद निष्काशनमा दरखास्त दिन सक्नेछन् । शेयरधनी दर्ता पुस्तिका बन्द भए पश्चात् शेयर खरिद गर्ने शेयरधनीहरु यस हकप्रद निष्काशनका लागि आवेदन दिन योग्य हुने छैनन् ।

च) शेयरधनीहरुले तोकिएको समय/अवधि भित्र शेयरका लागि दरखास्त दिनुपर्नेछ । यदि कुनै शेयरधनीबाट तोकिएको समय/अवधि भित्र शेयरका लागि दरखास्त प्राप्त हुन नआएमा त्यस्तो दरखास्तलाई शेयर बाँडफाँडमा समावेश गरिने छैन ।

छ) "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मा उल्लेख गरिए बमोजिम तोकिएको म्यादभित्र दरखास्त नदिने तथा दरखास्त दिए पनि माग गरिए बमोजिम तोकिएको रकम नबुझाउने शेयरधनीहरुलाई शेयर बाँडफाँडमा समावेश गरिने छैन र सोमा कसैको कुनै पनि प्रकारको दाबी विरोध लाग्नेछैन ।

ज) यस हकप्रद शेयर निष्काशनको समयमा कुनै विवाद भएमा वा ऊजुरी परेमा सो को निवारणका लागि वित्तीय संस्थाको सञ्चालक समितिको निर्णय नै अन्तिम हुनेछ ।

झ) हितग्राही खाता नभएको अवस्थामा हितग्राही खाता नं. माग गरि तथा हितग्राही खाता नम्बर उल्लेख गरेका शेयरधनीहरुको खातामा हकप्रद शेयर बाँडफाँड भई कायम बाँडफाँडमा परेको शेयर कित्ता जम्मा गरिनेछ ।

ञ) प्रत्येक शेयरधनीले भौतिक तथा अभौतिक (डिम्याट) रुपमा रहेको शेयर अनुसार हकप्रद शेयर भर्दा आवेदकको शेयर भौतिक तथा अभौतिक (डिम्याट) जुन रुपमा कायम रहेको भएतापनि एउटै आवेदन फारम मार्फत दरखास्त दिन सक्नेछन् । तर भौतिक रुपमा रहेको शेयरका लागि भने मेरो शेयर वा C-ASBA प्रणलिबाट आवेदन दिन मिल्ने छैन ।

**भ आफ्नो हक अन्य व्यक्तिलाई हस्तान्तरण गर्ने गरी मनोनयन गरेको अवस्थामा पालाना गर्नुपर्ने कुराहरु :**

साविकका शेयरधनीले देहायको अवस्थामा अन्य कुनै व्यक्तिले खरिद गर्न पाउने गरी हकप्रद शेयर बिक्री खुल्ला भएको अवधि भित्र "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" को अनुसूची–११ को ढाँचामा निवेदन दिई आफ्नो हक अन्य व्यक्तिलाई हस्तान्तरण गर्न सकिनेछ ।

(क) आफ्नो सम्पूर्ण/आंशिक हक कुनै एक व्यक्ति वा संस्थालाई मात्र प्रयोग गर्न सक्ने,

(ख) मनोनयन भै शेयरको लागि आवेदन गर्दा धितोपत्र बजारको कारोबार इकाई अनुसार हुने,

(ग) हकप्रद शेयर खरिद गर्ने हक अरुलाई मनोनित गर्ने शेयरवालाले अरु शेयरवालाको हक लिई मनोनित हुन नपाइने, तर आफ्नो पुरै हक उपभोग गर्नेले भने अरुको हक समेत मनोनितको रुपमा लिन सकिने,

(घ) कम्पनीको प्रबन्धपत्र, नियमावलीमा भएको व्यवस्था तथा सम्बन्धित नियमनकर्ताले स्वामित्व सिमा तोकेको अवस्थामा पहिले लिएको वा पछि ग्रहण गरिने शेयर समेत कुल शेयर संख्या सो सिमा ननाघ्ने गरी मात्र मनोनित हुनेले शेयरका लागि आवेदन गर्न सकिने,

(ङ) संगठित संस्थाको प्रबन्धपत्र र नियमावलीको व्यवस्था अनुसार स्वामित्व तथा सञ्चालक समिति समूहकृत गरिएको भएमा सोही समूहभित्र रहने गरी मात्र मनोनयन गर्न सकिने र मनोनयन गरेपछि कम्पनीको शेयर स्वामित्वको संरचना र सञ्चालक समितिको बनौटमा परिवर्तन हुने भएमा सम्बन्धित ऐन, नियमले तोकेको स्वामित्व सिमाभित्र रहने गरी परिवर्तन हुने व्यवस्था तथा मताधिकार सम्बन्धी स्पष्ट व्यवस्था भएको,

(च) प्रचलित कानून अनुरुप मनोनित हुने व्यक्ति वा संस्था कालोसूचीमा नरहेको तथा अयोग्य समेत नभएको,

(छ) हकप्रद शेयर विक्री खुल्ला भएको अवधिभित्र आफ्नो हक अरुलाई प्रयोग गर्न दिन व्यवस्था गरिएको,

(ज) धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को अनुसूची–११ बमोजिमको ढाँचामा दरखास्त दिई आफ्नो हक अन्य व्यक्तिलाई हस्तान्तरण गरी लिईने धितोपत्रको चुक्ता रकमको एक प्रतिशत रकमले हुन आउने रकम मनोनयन गरिदिने शेयरधनीले बुझाएको शुल्क समेत समावेश गर्नुपर्ने,

उपरोक्त व्यवस्थाको अलावा संस्थापक तथा अन्य शेयरधनीहरुले निम्नानुसारका थप प्रचलित व्यवस्थाहरु पालना गर्नुपर्नेछ ।

क) चुक्ता पूँजीको २ प्रतिशत वा सोभन्दा कम शेयर लिएका संस्थापक शेयरधनीको हकमा बित्तीय संस्थाले नियामक निकायले तोकेको देहायको शर्तको अधिनमा रहि हक हस्तान्तरण गर्न सक्नेछन भने २ प्रतिशत भन्दा माथि शेयर स्वामित्व भएकाको हकमा नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृति लिएर मात्र हक हस्तान्तरण गर्न सक्नेछ

ख) संस्थापक/सर्वसाधारण समूहका हकप्रद शेयरको हक हस्तान्तरण आफ्नै समूह/उपसमूहका संस्थापकलाई पहिलो प्राथमिकता दिनुपर्नेछ । यसरी हक हस्तान्तरण गर्दा आफ्नो समूह/उपसमूहमा शेयरको हक हस्तान्तरण हुन नसकेको अवस्थामा विद्यमान अन्य संस्थापकलाई दोस्रो प्राथमिकता दिई हक हस्तान्तरण गर्न सकिने । हकप्रद शेयरको हक हस्तान्तरण विद्यमान संस्थापकहरुबीचमा नै हुने भएमा नेपाल राष्ट्र बैंकबाट जारी निर्देशन अन्तर्गत रही लगानीको स्रोत र कर चुक्ता गरेको हेरी सम्बन्धीत बित्तीय संस्थाले नै हक हस्तान्तरण गर्न सक्नेछ

ग) माथि (ख) बमोजिम संस्थापक समूहमा शेयरको हक हस्तान्तरण हुन नसक्ने अवस्थामा मात्र अन्य व्यक्ति वा संस्थालाई जुन समूह/उपसमूहबाट शेयरको हक हस्तान्तरण गरी लिएको हो सोही समूह/उपसमूहमा राखिनेछ सो अवस्थामा प्रस्तावित संस्थापक शेयरधनीले नेपाल राष्ट्र बैंकबाट जारी निर्देशन अनुसार संस्थापक शेयरधनीका लागि तोकिएको योग्यता (Fit & Proper Test)पूरा गरेको हुनुपर्नेछ । सोको अतिरिक्त प्रस्तावित संस्थापक शेयरधनी कर्जा सूचना केन्द्रको काला सूचीमा परेको हुनु नहुने र सो प्रस्तावित संस्थापक शेयरधनीले आफ्नो लगानीको स्रोत खुल्ने कागजातका साथै कर चुक्ता प्रमाणपत्र /वा कर दाखिला गरेको निस्सा समेत पेश गरेको हुनुपर्ने ।

घ) माथि बुँदा नं. (ख) बमोजिम संस्थापक/संस्थापक समूहको हकप्रद शेयरको हक हस्तान्तरण आफ्नै समूह/उपसमूहका संस्थापकलाई पहिलो प्राथमिकता दिँदा देहाय बमोजिमको प्रक्रिया अपनाउनुपर्नेछ ।

- हकप्रद शेयरको हक हस्तान्तरण गर्न चाहने शेयरधनीले बिक्री मूल्य तोकी हक हस्तान्तरण गर्न चाहेको निवेदन बित्तीय संस्थामा पेश गर्नुपर्नेछ ।
- यसरी निवेदन पेश गरेपछि ७ दिनको समय तोकी वित्तीय संस्थाले पहिलो प्राथमिकतामा परेका शेयरधनीलाई सूचना दिनुपर्नेछ ।
- यसरी पहिलो प्राथमिकतामा परेका शेयरधनीले ७ दिनभित्र सो मूल्यमा हक लिन नचाहेमा अन्य संस्थापकलाई बित्तीय संस्थाले सूचना दिनुपर्नेछ । तत्पश्चात अन्य संस्थापकलाई दोस्रो प्राथमिकता दिई हक हस्तान्तरण गर्न सकिनेछ

ङ) उपरोक्त व्यवस्थामा जुनसुकै कुरा लेखिएको भएतापनि वित्तीय संस्थाका सञ्चालक, कार्यकारी प्रमुख, लेखापरीक्षक, सचिव वा बैंकको व्यवस्थापन तथा लेखा सम्बन्धी कार्यमा प्रत्यक्ष रुपले संलग्न व्यक्तिले त्यस्तो पदमा बाहाल रहँदाको बखत वा त्यस्तो पद छाडेको एक वर्षसम्म यस बित्तीय संस्था वा यसको सहायक कम्पनीको हकप्रद शेयर अन्य कुनै व्यक्ति वा संस्थालाई हक हस्तान्तरण गरिदिन वा अन्य कुनै व्यक्ति वा संस्थाबाट हक हस्तान्तरण स्वीकार गरिलिन नहुने ।

**म) संगठित संस्थाको लेखापरिक्षक, कम्पनी सचिव, वित्तिय विवरण प्रक्षेपण गर्ने विशेषज्ञ, प्रक्षेपित विवरणको प्रक्षेपण/अनुमानको आधार तथा तरिका बारे पुनरावलोकन गरी सन्तुष्ट भएको राय व्यक्त गर्ने विशेषज्ञ, "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" तयार गर्ने विशेषज्ञ तथा निष्काशन तथा बिक्री प्रबन्धकको नाम ठेगाना उल्लेख गर्नुपर्ने :**

क) लघुवित्त वित्तीय संस्थाको लेखापरीक्षकमा चार्टड एकाउण्टेण्टस् संस्था के.बि. चित्रकार एण्ड कम्पनी काठमाण्डौका सि.ए.बिपिन देवकोटा रहेका छन ।

ख) लघुवित्त वित्तीय संस्थाको कम्पनी सचिवमा श्री विनोद आचार्य रहनुभएको छ ।

ग) यस वित्तीय संस्थाको वित्तीय विवरण प्रक्षेपण विगत वर्षहरुको कारोबारको आधारमा निष्काशनकर्ता कम्पनी आफैले तयार गरेको हो । उक्त वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरु हालको वित्तीय बजारको स्थिति, निष्काशनकर्ता कम्पनीको हालको दक्षता र निष्काशनकर्ता कम्पनीले प्राप्त गरेको हालसम्मको कार्य प्रगतिको आधारमा पुनरावलोकन गरी विवरण ठीक छ भनी प्रमाणित गर्ने विशेषज्ञ चार्टर्ड एकाउण्टेण्ट संस्था आर.के. एशोसियटस् काठमाण्डौका चार्टर्ड एकाउण्टेन्ट श्री रविन कुमार श्रेष्ठले प्रमाणित गर्नुभएको छ ।

घ) यो "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" व्यबसायिक संस्था सेञ्चुरी क्यापिटल मार्केट्स लिमिटेड, कमलादी काठमाडौंले तयार गरेको हो ।

ङ) यस हकप्रद शेयर निष्काशनका लागि धितोपत्र निष्काशन तथा विक्री प्रबन्धकमा नेपाल धितोपत्र बोर्डबाट निष्काशन तथा बिक्री प्रबन्धकको प्रमाणपत्र प्राप्त धितोपत्र व्यवसायी सेञ्चुरी क्यापिटल मार्केट्स लिमिटेड, कमलादी, काठमाण्डौं रहेको छ ।

**य) हकप्रद शेयर जारी गर्नुको उद्देश्य:**

१) नेपाल राष्ट्र बैकको निर्देशन बमोजिम कायम हुनु पर्ने पूँजीकोषको अनुपात कायम गर्नको लागि हकप्रद शेयर निष्काशन गरी पूँजी संकलन गर्न ।

२) वित्तीय संस्थाको पूँजीगत योजना बमोजिमको पूँजी पुर्याउने उद्देश्य अनुरुप मिति २०७५/९/२९ गते सम्पन्न सातौं बार्षिक साधारण सभाबाट १:१ को अनपातमा हकप्रद शेयर जारी गरी पूँजी वृद्धि गर्ने निर्णय गरेकोले सोही बमोजिम पूँजी संकलन गर्न ।

३) वित्तीय संस्थाले सेवा विस्तार गर्ने क्रममा लगानी बढाउन तथा वित्तीय एवं आर्थिक गतिविधिलाई विस्तार गर्नका लागि आवश्यक पूँजी (वित्तीय श्रोत) संकलन गर्न ।

४) वित्तीय संस्थाको प्रबन्धपत्रमा उल्लेख गरिएको उद्देश्यहरु अनुरुप गर्नुपर्ने कार्यहरुको लागि वित्तीय संस्थाको शाखा विस्तार गरी कारोबार वृद्धि गर्न आवश्यक पूँजी (वित्तीय श्रोत) जुटाउन र

५) वित्तीय संस्थाको पूँजी आधारलाई मजबुत तुल्याउन ।

६) यस बाहेक वित्तीय संस्थाले तपसिल बमोजिमको योजना सहित हकप्रदबाट प्राप्त रकम प्रयोग गर्ने निर्णय गरेको छ ।

| क्र.स. | विवरण | रकम रु. |
|---|---|---|
| १. | कर्जा लगानी | ८,३०,५०,०००/ |
| २. | शखा विस्तार तथा जनशक्ति व्यवस्थापन | ३,१०,६४,०००/ |
| | जम्मा | ११,४१,१४,०००/ |

## र) हकप्रद शेयर बिक्री खुल्ला अवधि :

हकप्रद शेयर निष्काशन गर्दा हकप्रद शेयरका लागि आवेदन लिने कार्य कम्तीमा एक्काइस दिनका लागि खुल्ला राखिनेछ । उक्त अवधिभित्र निष्काशन गरिएको सबै धितोपत्र बिक्री नभएमा संगठित संस्थाले सूचना प्रकाशन गरी बढीमा थप पन्ध्र दिनका लागि धितोपत्रको दरखास्त खुल्ला राख्न सक्नेछ र त्यस्तो सूचना प्रकाशन गर्नु अगावै सोको जानकारी बोर्डलाई दिइनेछ ।

## ल) हकप्रद शेयर खरीदका लागि दरखास्त पाइने, रकम जम्मा गर्ने र आवेदन बुझाउने स्थानहरुका साथै हकप्रद शेयर खरीदको लागि तयार गरिएको "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" प्राप्त गर्न वा हेर्न सक्ने स्थानहरु :

| | |
|---|---|
| १. | श्री सिभिल लघुवित्त वित्तीय संस्था लिमिटेड, चावहिल, काठमाडौं तथा यसका सम्पूर्ण शाखा कार्यालयहरु । |
| २. | श्री सेञ्चुरी क्यापिटल मार्केट्स लिमिटेड, कमलादी, काठमाण्डौ । |
| ३. | श्री सञ्चुरी कमर्सियल बैक लि. का तोकिएका शाखा कार्यालयहरु । |
| ४. | श्री नेपाल धितोपत्र बोर्डबाट अनुमति लिई आस्वा (ASBA) सेवामा सहभागी बैक तथा वित्तीय संस्थाहरुबाट सि आस्वा (C-ASBA) प्रणाली मार्फत समेत आवेदन दिन सकिनेछ । |

उपरोक्त स्थानहरुको अलावा हकप्रद निष्काशनको क्रममा ड्राफ्ट संलग्न गरी दरखास्त दिन पाइने र यसरी दरखास्तवालाहरुले दरखास्त दिन चाहेमा शेयर निष्काशन बन्द हुने अघिको मिति सम्ममा सेञ्चुरी क्यापिटल मार्केट्स लि.को नाममा खिचिएको एकाउण्टपेयी (A/c Payee) ड्राफ्टका साथ शेयरको दरखास्त फाराम नेपाल सरकार, हुलाक सेवा मार्फत रजिष्ट्री गरी सेञ्चुरी क्यापिटल मार्केट्स लि., कमलादी, काठमाण्डौंमा पठाईएको निवेदनलाई मात्र बाँडफाँटमा समावेश गरिनेछ । नेपाल धितोपत्र बोर्डकाट स्वीकृत प्राप्त सि-आश्वा सेवामा सहभागी अन्य बैक तथा वित्तिय संस्थाहरुमा समेत सि-आश्वा प्रणाली मार्फत शेयर दरखास्त फाराम बुझाउन सकिनेछ । हकप्रद शेयरको बिक्री बन्द भएको ७ (सात) दिन पछि प्राप्त ड्राफ्ट र दरखास्त फारमलाई शेयर बाँडफाँडमा समावेश गरिने छैन ।

दरखास्त फारमको हकमा निष्काशनकर्ता कम्पनी तथा निष्काशन तथा विक्री प्रबन्धकको वेभसाइटबाट समेत डाउनलोड गरी भरेर बुझाउन सकिनेछ । शेयरधनीहरुले आफ्नो हक सम्वन्धि विवरण निष्काशनकर्ता कम्पनी श्री सिभिल लघुवित्त वित्तीय संस्था लिमिटेडको वेभसाइट www.civillaghubitta.com वा धितोपत्र निष्काशन तथा विक्री प्रबन्धक श्री सेञ्चुरी क्यापिटल मार्केट्स लिमिटेडको वेभसाइट www.centurycapital.com.np मार्फत हेर्न सक्नेछन् ।

**निष्काशन बैंक(Bankers to the Issue):**

| क्र.स. | निष्काशन बैकको नाम तथा ठेगाना |
|---|---|
| १. | सेञ्चुरी कर्मसियल बैक लि., पुतलीसडक, काठमाडौं |

## व) आफ्नो व्यवसायसँग सम्वन्धित ऐन, नियम, कम्पनी ऐन तथा अन्य नियमन निकायले दिएको निर्देशनहरुको पूर्ण पालना गरेको सम्बन्धमा उदघोषण :

वित्तीय संस्थाले आफूले गर्ने व्यवसायसँग सम्बन्धीत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, प्रचलित नियम, कम्पनी ऐन, २०६३ तथा अन्य नियमन निकायले दिएको निर्देशनहरुको पूर्ण रुपमा पालना गरेको छ र सोही निर्देशनहरुको दायराभित्र रही कार्य गरिरहेको बारेको उद्घोषण बित्तीय संस्थाको रहेको छ। साथै कम्पनी

ऐन, २०६३ र अन्य प्रचलित ऐन, नियम बमोजिम बित्तीय संस्थाका सञ्चालकहरु कालो सूचीमा नरहेको र संस्थापक शेयरधनीहरु संस्थापक हुनको लागि अयोग्य नरहेको वित्तीय संस्थाको उद्घोषण रहेको छ । यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मा उल्लेख गरिएको विवरणहरुसमेत सोही अनुरुप तयार गरिएको हो। साथै वित्तीय संस्थाले कम्पनी ऐन बमोजिम कम्पनी रजिष्ट्रारको कार्यालयमा आ.व.२०७४/०७५ सम्मको बुझाउनुपर्ने सम्पुर्ण विवरण बुझाई कम्पनी रजिष्ट्रारको कार्यालय को मिति २०७५/१२/ १७ गतेको पत्रअनुसार यस कम्पनी अद्यावधिक रहेको छ ।

**क्रेडिट रेटिङ्ग सम्वन्धि विवरण**

यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" अनुसार साविक शेयरधनीहरुमा निष्काशन गरिने हकप्रद शेयरको लागि "क्रेडिट रेटिङ्ग नियमावली, २०६८" को नियम ३ मा भएको ब्यबस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त केयर रेटिङ्ग नेपाल लि. काठमाण्डौं बाट क्रेडिट रेटिङ्ग गराई CARE-NP IPO Grade 4 प्रमाणपत्र मिति २०७६/०९/०२ मा प्राप्त गरेको छ। CARE-NP IPO Grade 4" ले संगठित संस्थाको अवस्था औषत भन्दा तल आधार (Below Average Fundaments) रहेको देखाउछ । केयर रेटिङ्ग नेपालले १ देखि ५ प्वाइन्ट ग्रेडिङ्ग प्रदान गर्दछ । जसमा ग्रेड १ ले बलिया आधार जनाउँछ भने ग्रेड ५ ले कमजोर आधारहरु जनाउँछ । ग्रेड २, ३ र ४ मा प्रयोग गरिने +(Plus) चिन्हले यस समूहका तुलनात्मक सकारात्मक स्थितिलाई जनाउँछ ।

श) पछिल्लो ३ वर्षका अधिकतम, न्यूनतम, अन्तिम बजार मूल्यका साथै कारोवार भएको संख्या सम्बन्धी विवरण :

विगत तीन आर्थिक बर्षमा भएको लघुवित्त वित्तीय संस्थाको शेयर कारोवारको विवरण :

| आर्थिक बर्ष | अधिकतम शेयर मूल्य (रु) | न्युनतम शेयर मूल्य (रु) | अन्तिम बजार मूल्य (रु) | शेयर कारोबार कित्ता |
|---|---|---|---|---|
| ०७३/०७४ | १९५२ | ५१५ | १३२० | २,९२,५५७ |
| ०७४/०७५ | १४०१ | ६२३ | ७३६ | १,१३,६३२ |
| ०७५/०७६ | ७७३ | ५०७ | ५७० | ५८,८१६ |

आ.ब.२०७५/०७६ को पछिल्लो तीन महिनामा भएको लघुवित्त वित्तीय संस्थाको शेयर कारोवारको विवरण :

| महिना | अधिकतम शेयर मूल्य (रु) | न्युनतम शेयर मूल्य (रु) | अन्तिम बजार मूल्य (रु) | शेयर कारोबार कित्ता |
|---|---|---|---|---|
| २०७६ मार्ग | ६१५ | ४४० | ६१५ | १४,३४३ |
| २०७६ पौष | ८६९ | ५२४ | ८०० | २६,१९९ |
| २०७६ माघ | ११५० | ८०० | १११० | ६२,७२८ |

नोटः लघुवित्त वित्तीय संस्थाको अद्यावधिक बजार मुल्य नेपाल स्टक एक्सचेन्ज लिमिटेडले प्रकाशित गर्ने बजार मुल्य सूचीबाट प्राप्त गर्न सकिनेछ ।

**ष) यस "हकप्रद शेयर/परिपत्र विधिबाट निष्काशन सम्बन्धी ब्यवस्था तथा विवरणहरु" मा उल्लेख भएको विवरणहरु तथ्य, पूर्ण छन्, सो मा कुनै फरक परेमा हामी सञ्चालकहरु पूर्ण रुपमा जिम्मेवार हुनेछौं भनी सहि छाप गर्ने सञ्चालकहरुको नाम तथा दस्तखत ।**

| क्र.स | सञ्चालकहरुको नाम | पद | दस्तखत |
|---|---|---|---|
| १. | श्री सचिन जङ्ग रायमाझी | अध्यक्ष | |
| २. | श्री प्रसिद्ध राज अर्याल | सञ्चालक | |
| ३. | श्री सचिन नेवा | सञ्चालक | |
| ४. | श्री कृष्ण प्रसाद अधिकारी | सञ्चालक | |
| ५. | श्री हेम लाल भट्टराई | सञ्चालक | |
| ६ | श्री शक्ति बल्लभ श्रेष्ठ | सञ्चालक | |

**(स) निष्काशन तथा विक्री प्रबन्धकको उद्घोषण**

हामीलाई निष्काशनकर्ता संगठित संस्था तथा यसका संस्थापक/सञ्चालकहरुले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा यस संस्थाको व्यस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मा लेखिएका आर्थिक विवरणहरु र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुरा प्रति विश्वस्त भई हामीले यो "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" स्वीकृतिका लागि नेपाल धितोपत्र बोर्डमा ऐन र यस नियमावली अनुरुपको योग्यता पुगेको प्रतिवद्धतापत्र (ड्यू डेलिजेनस् सर्टिफिकेट) प्रस्तुत गरेका छौ ।

**नेपाल धितोपत्र बोर्डबाट स्वीकृत भएको "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" सार्वजनिक निष्काशनको लागि प्रकाशन गर्नु २ दिन अगाडि सो को एक प्रति (Soft Copy) नेपाल धितोपत्र बोर्डको वेभसाइटमा राख्ने प्रयोजनको लागि उपलब्ध गराइनेछ ।**